पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख ७ गते आइतबार ❑ 20 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## लोकतन्त्र र गणतन्त्रको विकल्प छैन: गृहमन्त्री लेखक

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख




नेपाल सरकारका गृहमन्त्री रमेश लेखकले देशमा लोकतन्त्र र गणतन्त्रको विकल्प नभएको बताउनु भएको छ।

नेपाल प्रेस यूनियन कास्कीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उहाँले देशमा विभिन्न तत्वहरु जति नै सलवलाय पनि लोकतन्त्र र गणतन्त्रको विकल्प नभएको दाबी गर्नुभएको हो।

पूर्व राजाबादीको नाममा वा अन्य कुनैको नाममा देशमा संविधानको व्यबस्था नै बदल्ने गरी हिंसात्मक गतिविधि गर्ने बिरुद्ध सबै एक हुनुपर्नेमा जोड दिनुभयो। देशमा संघयि लोकतान्त्रि गणतन्त स्थापना गर्न हामी भन्दा पहिलाको पुस्ताले धेरै ठुलो त्याग र बलिदान गरेको गृहमन्त्री लेखकले उल्लेख गर्नुभयो। हाम्रो पुस्ताले पनि धेरै ठुलो योगदान दिएको दिएको गृहमन्त्री लेखकको तर्क थियो।

लोकतन्त्रले नागरिकलाई सर्वपरि बनाएको बताउदै उहाँले सरकारसंग चित्त नबुझे बिरोध गर्न पाइने जनाउदै संविधानको व्यबस्थाको बिरुद्ध हिंसात्मक गतिविधिले देशलाई झन अस्थिरता तर्फ लैजाने हुदाँ त्यस्ता गतिविधि गर्नेलाई सरकारले कार्वाही गर्ने चेतावनी दिनुभयो। उहाँले भन्नुभयो "यो देशमा राजतन्त्र गएको १८ बर्ष भएको छ, १८ बर्ष पछिको पुस्ताले राजतन्त्रको बारेमा बुझ्नै सकेन, त्यसको पनि २८ देखि ३० बर्षको जनतोले राजतन्त्रको अनुभुति गर्न सकेन त्यस कारण राजतन्त्र कस्तो हुन्छ भन्ने अहिलेको युवा पुस्तालाई थाहा छैन, त्यो कुरा हामीले बुझाउन जरुरी छ।" काम गर्ने क्रममा कमीकमजोरी भएको अबस्थामा सुधार गर्दै जाने गृहमन्त्री लेखकले बताउनुभयो। लोकतन्त्रको पक्षमा पत्रकारहरु समेत उभिन आग्रह गर्दै उहाँले यदि लोकतन्त्र र गणतन्त्र नहुँदा त्यसको पहिलो मार मिडियाकर्मी र मिडिया माथि हुने उहाँको भनाई थियो। २०१२ सालको नेपाल प्रहरी ऐन भएकोले प्रदेश प्रहरीको बारेमा समेत खासै नखुलेकोले प्रहरी ऐन संसोधन गर्न लागिएको उहाँले बताउनु भयो। प्रहरी समायोजको बारेमा धेरै वोले पनि कानूनि व्यबस्था नभएकोले प्रहरी ऐन संसोधन गर्न लागेको गृहमन्त्री लेखकले जनाउनु भयो। ७ दशकमा नेपालमा ७ पटक संविधान निर्माण भएको उल्लेख गर्दै उहाँले यसबाट देशमा धेरै अस्थिरता भएको जनाउनुभयो।

आमाको नामबाट समेत नागरिकता दिने प्रकृया अघि बढे पनि कानूनि झनझटले गर्दा नसकिएको उहाँले बताउनु भयो। गृहमन्त्री लेखकले अब छिट्टै आमाको नामबाटै नागरिकता दिने कानूनि व्यबस्था मिलाउने जनाउनुभयो।

## बुद्ध दर्शनलाई विश्वभर फैलाएर लाभ लिन सक्नुपर्छ: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख




गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले बुद्ध दर्शनलाई विश्वभर फैलाएर नेपालले लाभ लिन सक्नुपर्नेमा जोड दिनुभएको छ।

लुम्बिनी विश्वविद्यालय, लुम्बिनी अनुसन्धान केन्द्रले पोखरामा बौद्ध सम्पदा, संस्कृति र साहित्यको अध्ययन अनुसन्धान केन्द्र स्थापनाको लागि आयोजना गरेको अन्तर्क्रियात्मक गोष्ठीमा बोल्दै प्रदेश प्रमुख भट्टले बुद्धको उपदेशलाई विश्व शान्तिको भावनामा विकास गर्नुपर्ने बताउनुभयो। बुद्ध धर्म यस धर्ममा आस्था राख्नेको मात्र नभएर सबैका लागि एउटा दर्शन र सिद्धान्त रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो- 'बुद्ध शिक्षा जीवनको नैतिक मार्गदर्शक हो, यसको अनुसरण र परिपालना गर्न जरूरी छ। बुद्धको सन्देशलाई आत्मसाथ गर्दै अगाडि बढ्नु अहिलेको आवश्यकता हो। बौद्ध शिक्षालाई विश्वभर फैलाएर शान्तिको सन्देश दिनुपर्नेछ।' बौद्ध दर्शनको अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यसहित २० वर्षअघि स्थापना भएको लुम्बिनी बौद्ध विश्वविद्यालय प्रकाण्ड बौद्धविद्वान उत्पादन गर्ने महत्वपूर्ण केन्द्रको रूपमा रहेको उल्लेख गर्दै उहाँले सानो संरचनाबाट विश्वविद्यालयको स्वरुप देखिने चरणमा आइपुगेकोमा खुशी व्यक्त गर्नुभयो।

विश्व आकर्षणको केन्द्र भएको लुम्बिनीमा स्थापना भएको विश्वविद्यालयले नेपालमै लुम्बिनी र बुद्ध प्रतिको चासोलाई बढाएको उहाँको भनाई छ। 'बौद्ध अध्ययन, लुम्बिनीको चिनारी, विपश्यना ध्यानसहितको पाठ्यक्रम तयार हुनाले यसले नेपालमा मात्र नभई विश्व समुदायमा नै चिनाउन महत्वपूर्ण भूमिका खेलेको छ।' उहाँले भन्नुभयो -'विश्वविद्यालयले बौद्ध शिक्षालाई विश्वभर फैलाउनका लागि विभिन्न मुलुकहरूमा अध्ययन केन्द्रहरु स्थापना गर्दै अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरेकोमा खुशी लागेको छ।' बौद्धदर्शन विश्वका धेरै विश्वविद्यालयमा अध्ययन अध्यापन हुने भएपनि बुद्ध भूमिमा बसेर बौद्ध दर्शन अध्ययन गर्न पाउनु सुखद अवसर रहने प्रदेश प्रमुख भट्टको भनाई छ। उहाँले थप्नुभयो - 'यसैले पनि विदेशी नागरिकले पनि लुम्बिनीलाई विशेष महत्व राख्ने गरेका छन्।

विश्वविद्यालयलाई शैक्षिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना छ। त्यसका लागि अझ धेरै पूर्वाधार आवश्यक रहेकाले राज्यले विशेष ध्यान दिनुपर्दछ।' विश्वविद्यालयले 'विद्यालयमा बौद्ध शिक्षा' अभियानको थालनी गरेकोमा खुशी व्यक्त गर्दै उहाँले बुद्धलाई ढोग्न मात्रै होइन, ज्ञान आर्जनका लागि पनि लुम्बिनी आउनुपर्छ भन्ने मान्यताका साथ अघि बढेको विश्वविद्यालयलाई प्रगतिको कामना गर्नुभयो।

गण्डकीमा पनि केन्द्र स्थापना गरी बौद्ध दर्शन सम्बन्धी अध्ययन अध्यापन गराउने कार्यको स्वागत गर्दै उहाँले गण्डकी प्रदेश सरकारले पनि आवश्यक सहयोग, समन्वय गर्ने विश्वास व्यक्त गर्नुभयो। 'अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको घोषणा बमोजिम स्थापना भएको लुम्बिनी बौद्ध विश्वविद्यालयलाई बौद्ध धर्म दर्शनको अन्तर्राष्ट्रिय प्राज्ञिक थलोका रूपमा विकास गर्न सबै पक्षको सहयोग जरूरी छ।' उहाँले भन्नुभयो - 'गोष्ठीले साझेदारहरूबीच गहन अन्तर्क्रिया गरी सरोकारवाला पक्षसँग आपसी सम्बन्ध विस्तार गर्न, केन्द्र स्थापनाको लागि आधार तयार गर्न सक्नेछ भन्नेमा विश्वस्त छु।'

## मनाङमा एक वर्षमा ३३ हजार बढी विदेशी पर्यटक भित्रिए

**पोखरापत्र संवाददाता**
मनाङ, ६ बैशाख



मनाङमा कोरोना कहर र बाढीपहिरोको प्रभावपछि विदेशी पर्यटक आगमन बढ्दै गएको छ। विसं २०८१ मा यहाँ ३३ हजार ६४८ विदेशी पर्यटक भित्रिएका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले जनाएको छ।

यहाँको प्राकृतिक सौन्दर्यता र संस्कृतिमा रमाउन पर्यटकको आगमन हुने गरेको छ। मनाङ भ्रमणका लागि दुई समयमा उत्कृष्ट मानिन्छ। दुई याममा गरी यस वर्ष ३३ हजार छ सय ४८ विदेशी पर्यटक जिल्लामा भित्रिएको एक्यापका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "विस्तारै सडक सञ्जालको सहजता, प्राकृतिक सौन्दर्यताले विश्वका पर्यटकको आगमन बढ्दो छ। साथै आन्तरिक पर्यटकको पनि आगमन बढे पनि तथ्याङ्क भने राखिएको पाइदैन।" उहाँका अनुसार बीस हजार १६१ पुरुष र १३ हजार ४८७ महिला विदेशी पर्यटकले यहाँका विभिन्न क्षेत्रको भ्रमण गरेका छन्। भुजेलका अनुसार गत वर्ष एक सय २३ देशका नागरिकले अन्नपूर्ण पदमार्गका साथै मनाङका विभिन्न स्थानको भ्रमण गरेका छन्। उहाँले भन्नुभयो, "विसं २०८१ मा सबैभन्दा बढी तीन हजार ३८८ जना फ्रान्सका नागरिकले मनाङ भ्रमण गरेका छन्।" इजरायल, जर्मनी, भारत, बेलायत, अमेरिका, अस्ट्रेलिया, चीन, नेदरल्याण्ड, रसिया, पोल्याण्डलगायत मुलुकका नागरिकले मनाङ भ्रमण गरेका उहाँले जानकारी दिनुभयो। सबैभन्दा बढी कात्तिकमा नौ हजार २७९ विदेशी पर्यटक यहाँ आएका प्रमुख भुजेलले जानकारी दिनुभयो। उहाँका अनुसार सबैभन्दा कम साउनमा दुई सय ५२ विदेशी पर्यटकको आगमन भएको छ। मनाङ भ्रमणका लागि मौसम अनुकूल हुने समयमा स्वदेश तथा विदेशी पर्यटकको आगमन वृद्धि हुँदै गएको एक्यापले जनाएको छ।

"अहिले नेपाली नागरिकमा पनि भ्रमणमा जाने प्रचलन बढ्दै गएको छ। जोखिमयुक्त भ्रमण गर्ने र ग्रामीण पर्यटनको प्रवर्द्धनमा आन्तरिक पर्यटक पनि जोडिन थालेका छन्। यसले मुलुकमा रहेका पर्यटकीय गन्तव्य प्रचारप्रसार र पर्यटन प्रवर्द्धन भइरहेको छ", कार्यालय प्रमुख भुजेलले भन्नुभयो, "विदेशी पर्यटक विशेषगरी यहाँको मानवीय जिन्दगीको आभास गर्न र मौलिक संस्कृतिका साथै प्राकृतिक सौन्दर्यतामा रमाउन आउने गरेका छन्।" तालगाउँका पर्यटन व्यवसायी एवं होटल पिसल्याण्डका सञ्चालक गुरुप्रसाद गुरुङले अहिले पर्यटकको आकर्षण बढ्दै गएको बताउनुभयो। उहाँका अनुसार स्वदेशी तथा विदेशी गरी दैनिक आउने पर्यटकको संख्या करिब दुई सयले बढेको छ। पर्यटकीय याममा अन्य समयको तुलनामा बढी पर्यटक आउने गरेका उहाँको भनाइ छ। हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न पर्यटकको आगमन हुने गर्दछ।

विश्वको १०औँ स्थानमा पर्ने जोखिमयुक्त पदमार्गमध्येको अन्नपूर्ण पदमार्गमार्फत पर्यटक मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट यात्राको सुरुआत हुन्छ। अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच वटा जिल्ला जोडिएको छ। काठमाडौँबाट बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन्। पछिल्लो समय सडक सहज भएपछि चामे, खाङ्सारसम्म सवारीसाधनमार्फत पर्यटक पुग्ने गरेका छन्। त्यसपछि मात्रै मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा तय हुन्छ।

## 'शान्ति सुरक्षा र अपराध नियन्त्रणमा समुदाय-प्रहरी साझेदारी'

**पोखरापत्र संवाददाता**
कास्की, ६ बैशाख

नेपाल प्रहरीका महानिरीक्षक दीपक थापाले समाजमा शान्ति सुरक्षा कायम गर्न तथा अपराध नियन्त्रण गर्न प्रहरी एक्लैको प्रयास सम्भव नहुने बताउनुभएको छ।

जिल्ला प्रहरी कार्यालय कास्की र सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा केन्द्र कास्कीले आज पोखरामा आयोजना गरेको कार्यक्रममा उहाँले प्रहरी र स्थानीय समुदाय, सङ्घसंस्था, आमा समूह, विभिन्न क्लब, विद्यालय तथा स्थानीय तहको समन्वय र सहकार्यबाट अपराध रोकथाम गर्न सकिने धारणा राख्नुभयो। विभिन्न सचेतनामूलक कार्यक्रम गरी जनचेतना अभिवृद्धि गर्ने कार्यमासमेत सामुदायिक सेवा केन्द्रको योगदान भएको खण्डमा समाजमा शान्ति कायम गर्न सघाउ पुग्ने उहाँले बताउनुभयो। प्रहरी महानिरीक्षक थापाले भन्नुभयो, "समाजमा घट्ने जुनसुकै घटनाको जानकारी तुरुन्त प्रहरीलाई गराइ अपराधीलाई कानुनी दायरामा ल्याउन समुदाय र प्रहरीको साझेदारी आवश्यक छ। यसबाट छिटो अपराध अनुसन्धानमा सहयोग पुग्दछ।"

थापाले देशभर रहेका एक सय ८१ सामुदायिक सेवा केन्द्रले प्रहरी र नागरिकका बीचमा पुलको रूपमा काम गरेर सुमधुर

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा क्लासिक सुईट्स टि-२० वुमन्स सुपर कप क्रिकेट च्याम्पीयनसीप हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ६ बैशाख

पोखरामा क्लासिक सुईट्स टि-२० वुमन्स सुपर कप क्रिकेट च्याम्पीयनसीप आयोजना हुने भएको छ।

पोखरा महानगरपालिका क्रिकेट संघको आयोजनामा पोखराको लेखनाथस्थित ईडन हेभन क्रिकेट मैदानमा प्रतियोगिता हुने भएको हो । प्रतियोगिता बैशाख ८ गतेदेखि १० गतेसम्म सञ्चालन हुने आयोजक पोखरा महानगरपालिका क्रिकेट संघले जनाएको छ।प्रतियोगिता तयारी अन्तिम चरणमा पुगेको संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए । प्रतियोगितामा ३ टीम सहभागी हुने आयोजकले जनाएको छ । प्रतियोगितामा फिस्टेल अप्मस्ट, ईस्लामिया कंकरस र पोखरा फिनिक्स गरेर तीन टीमले सहभागिता जनाउने अध्यक्ष पुनले बताए । तीन वटै टिमले छुट्टाछुट्टै टिमसँग २/२ वटा खेल



खेल्ने जनाइएको छ । उनका अनुसार गत हप्तामात्र सम्पन्न अन्तर विद्यालय पोखरा महानगरपालिका स्तरीय टि-२० क्रिकेट प्रतियोगिताबाट उत्कृष्ट ३६ जना खेलाडी छनौट गरिएको थियो । सो प्रतियोगिताबाट छनौट भएका खेलाडीलाई विभाजन गरेर ३ टीम बनाई सुपर कप आयोजना गर्न लागिएको उनको भनाई छ । सुपर कप च्याम्पीयनसीपबाट उत्कृष्ट १४ जना खेलाडी छनौट गरेर पोखरा महानगरपालिकाको टिम निर्माण गरिने अध्यक्ष पुनले जानकारी दिए । सोहि टिमले केहि समयपछि हुने देशका ६ वटा महानगरपालिकाबीच हुने प्रतियोगितामा सहभागिता जनाउने उनले बताए । 'यो छनौट प्रतियोगिता हो, प्रतियोगितामा खेलाडीले देखाएको पर्फमेन्सका आधारमा महानगरपालिकाको टिमका लागि खेलाडी छनौट गर्छौं'-उनले भने । यसैबीच, प्रतियोगिताका लागि तीन वटै टिमलाई आयोजकले जर्सी हस्तान्तरण गरेको छ । तीन वटै टिमका टिम क्याप्टेनलाई पोखरा महानगरपालिका क्रिकेट संघको तर्फबाट क्रिकेट एशोसियसन नेपाल क्यान तथा आईसिसीका क्रिकेट अम्पायर मोहम्मद सफिक (समीर खान)ले जर्सी हस्तान्तरण गरेका हुन् । जर्सी हस्तान्तरण लगत्तै उनले सुपर कप वुमन्स च्याम्पीयनसीपको ट्रफीपनि सार्वजनिक गरेका थिए । सो अवसरमा अर्न्तराष्ट्रिय क्रिकेट अम्पायर खानलाई पोखरा महानगरपालिका क्रिकेट संघले कदर पत्रद्वारा सम्मान गरेको थियो।

प्रतियोगिताको बिजेता र उपबिजेतालाई ट्रफी प्रदान गरिने पोखरा महानगरपालिका क्रिकेट संघका सचिव कपिलदेव गौतमले जानकारी दिए । प्रतियोगितामा प्लेयर अफ दी सिरिज र हरेक दिनको प्लेयर अफ दी म्याचलाई पनि ट्रफी प्रदान गरिने उनले बताए।

# मनुश्री भिग्नजीतमा दर्शिल र सारालाई दोहोरो उपाधि

पोखरापत्र संवाददाता
पोखरा, ६ बैशाख

पोखरामा सम्पन्न चौथो मनुश्री भिग्नजीत जुनियर राष्ट्रिय टेनिस प्रतियोगितामा पोखराका दर्शिल श्रेष्ठ र काठमाण्डौकी सारा पन्तले दुई स्वर्ण जितेका छन् । दर्शिलले १६ वर्ष मुनिको ब्वाइज सिंगल र ब्वाइज डबल्सतर्फको उपाधी जित्दा साराले गर्ल्स यु-१४ र यु-१२ दुवै इभेण्टमा प्रथम स्थान हाँसिल गरिन् ।

कास्की जिल्ला टेनिस संघद्वारा आयोजित प्रतियोगिताको पोखरा रंगशालामा शनिबार सम्पन्न फाइनल खेलमा असव सम्राट हाडालाई ६-१, ६-४ को सोभ्हो सेटमा पराजित गर्दै दर्शिलले सिंगलतर्फको उपाधी जितेको हुन् । दर्सिलले ब्वाइज डबल्सतर्फ पनि उपाधि जित्न सफल भए । सिर्जन भट्टराईसँगको पार्टनरसिपमा दर्सिल जोडीले फाइनल खेलमा प्रफुल्ल श्रेष्ठ र स्पन्दन उदासको जोडीलाई प्रतिस्पर्धात्मक खेलमा ६-० ,५-७ र १०-४ ले पराजित गर्दै उपाधिमा कब्जा गरेको हो ।

साराले १४ वर्ष मुनि गर्ल्स सिंगलमा आर्य पौडेलसँगको अन्तिम भेटमा ६-१, ६-४ को




नतिजा निकालिन। उनले १२ वर्ष मुनिको सिंगल फाइनलमा स्वरा थापालाई ६-२, ६-३ ले पराजित गर्दै दोहोरो जित निकालेकी हुन्। १४ वर्ष मुनिको ब्वाइज सिंगलतर्फ साङ्गे रोकायाले आसव सम्राट हाडालाई ६-४, ३-६ र १४-१२ ले पराजित गर्दै प्रथम हुन सफल भए । १२ वर्षमुनीको ब्वाइइज सिङ्गलमा आरित मल्लले आर्यस राज पौडेललाई प्रतिस्पर्धात्मक खेलमा ३-६,७,-६ र १०-४ ले पराजित गर्दै प्रथम स्थान हासिल गरे।

१६ वर्ष सिंगलतर्फ बिजेताले नगद १५ हजार तथा उप-विजेताले नगद ७ हजार ५ सय सहित मेडल प्राप्त गरे। त्यस्तै, १४ वर्ष सिंगलतर्फ बिजेताले नगद १० हजार तथा उप-विजेताले नगद ५ सहित मेडल प्राप्त गरे । १२ वर्ष सिंगलतर्फ बिजेताले नगद ८ हजार तथा उप-विजेताले नगद ४ सहित मेडल प्राप्त गरेका छन् । ८, ९ र १० वर्ष मुनि ब्वाइज तथा गर्ल्स सिंगल्स बिजेता तथा उपबिजेताले गिफ्ट ह्याम्पर तथा मेडल प्राप्त गरे।

विजयी खेलाडीहरुलाई प्रतियोगिताका मुख्य प्रायोजक कुमार मोहनबहादुर शाही, उहाँका नाती भिग्नजीत, नातिनी मनुश्री, प्रतियोगिता संयोजक लोक गुरुङ्ग लगायतले नगदसहित मेडल, प्रमाण-पत्रले पुरस्कृत गरे । आयोजक संघका अध्यक्ष राजकुमार गुरुङको अध्यक्षतामा सम्पन्न पुरस्कार वितरण समारोहमा संघका सचिव भिष्मराज पौडेल र टुर्नामेण्ट डाइरेक्टर कुमार अधिकारीले पनि बोलेका थिए।

# एक-अर्काको ...

सम्बन्ध कायम राखी शान्ति सुव्यवस्था, अमनचयन कायम राख्ने तथा अपराध नियन्त्रण र अनुसन्धानमा सहयोग गरेको बतानउनुभयो ।

सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष भीम पराजुलीले समुदाय र प्रहरीबीचको सहकार्यले समाजमा घट्ने आपाराधिक घटनामा कमी आएको बताउनुभयो।

कार्यक्रममा अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसी, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्याम बाबु ओलिया, सामुदायिक सेवा केन्द्र लेखनाथका अध्यक्ष गङ्गा थापालगायतले सामुदायिक सेवा केन्द्रको भूमिकालाई अझ प्रभावकारी र व्यवस्थित बनाउनुपर्नेमा जोड दिनुभएको थियो।

# स्याङ्जाको काल्खु मेलामा प्रिक्वाटर सकियो

पोखरापत्र संवाददाता
स्याङ्जा, ६ बैशाख

स्याङ्जाको पुतलीबजार नगरपालिका-९ काल्खुमा जारी 'ऐतिहासिक काल्खु मेला'मा प्रिक्वाटरफाइनलका खेल सम्पन्न भएका छन्।

जनसम्पर्क युवा क्लबको आयोजनामा गत चैत्र पूर्णिमा(३० गते) देखि सञ्चालित मेलामा भलिबलतर्फ शनिबार प्रिक्वाटरका सबै खेल सकिएको क्लबका अध्यक्ष दिपक रानामगरले जानकारी दिए । उनका अनुसार आइतबार क्वाटरफाइनलसँगै बाँकी सबै चरणका खेल सम्पन्न गर्ने तयारी छ । उनले क्वाटरफाइनलको पहिलो खेल ओरस्टे र लामागाउँबीच बिहान ७ बजे सञ्चालन हुने बताए। यस्तै दोस्रो खेलमा कोल्मा र कालीकोट ८ बजे प्रतिस्पर्धा गर्नेछन् । तेस्रो खेलमा भने सालडाँडा जामुने र भोर्ले भिड्ने अध्यक्ष रानामगरले



जानकारी दिए । उनका अनुसार क्वाटरफाइनलको अन्तिम खेलमा गैया र गहते टिम 'बि' बीच प्रतिस्पर्धा हुनेछ।

बाहुले आफुलाई बाईमा पार्न सफल बन्दै अघिल्लो चरणमा प्रवेश गरिसकेको छ । शनिबार दोस्रो चरया र प्रिक्वाटरफाइनलका गरी ९ वटा खेल सम्पन्न भएका थिए।

भलिबलको विजेतालाई नगद ८१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्रदान गरिनेछ । उपविजेता टोलीलाई नगद ४१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्रदान गरिनेछ । भने, तृतीय हुने टिमले नगद २१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र हात पार्नेछ । सो प्रतियोगिताबाट एउटा टिमलाई अनुशासित टिमको रुपमा नगद रु १२ हजारसहित पुरस्कृत गरिने आयोजकले जनाएको छ।

# महिला तथा वाल कल्याण कुञ्जमा नेतृत्व तालिम सुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ बैशाख

महिला तथा बाल कल्याण कुञ्जको आयोजनामा दुई दिने नेतृत्व विकास तालिम शनिवारदेखी पृथ्वीधर सिग्देल समाजको भवनमा शुरु भयो।

सामाजिक विकास कार्यालय गण्डकी प्रदेशको सहयोगमा तालिम संचालन भएको हो । वडा नं १३ का वडा अध्यक्ष किरण वरालले दिदीवहिनीहरुको विकासका लागि प्राविधिक ज्ञान धेरै महत्वपूर्ण हुने भने।

आजको डिजिटल युगमा जहाँ सबैजसो क्षेत्रमा प्राविधिको प्रयोग बड्दो हुनाले महिलाहरुलाई प्रविधि मैत्री बनाउन वडा तत्पर रहेको अध्यक्ष वरालले भने। समाजसेवी तथा विकासप्रेमी विश्व सिग्देलले दिदीवहिनीहरु शिक्षित भए मात्र समाज विकसित हुने धारणा



राखे । दिदीवहिनीहरु वर्तमान समयमा डिजीटल साक्षरता तर्फ अगाडि बढ्नु पर्नेमा सिग्देलले जोड दिए। एभरेष्ट एफ एमका संचालक तथा संचारकर्मी दिपेन्द्र श्रेष्ठले नेतृत्व लिन चाहाने हो भने हरेक मोडमा सकारात्मक सोचको पैदा तुरुन्तै गर्नु पर्ने धारणा राखे । नेतृत्व गर्ने हो भने हरेक स्थानमा नयाँ नयाँ विषय पस्कने सक्ने हुनु पर्ने श्रेष्ठले धारणा राखे।

महिला तथा बाल कल्याण कुञ्जका अध्यक्ष रत्ना सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं १३ वडा सदस्य सुचिता तामाङ, पृथ्वीधर सिग्देल समाजकी अध्यक्ष मैयादेवी सिग्देल, निवर्तमान अध्यष अर्जुन सिग्देल, पूर्व अध्यक्ष माधव प्रसाद सिग्देल, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, टोल विकास संस्थाका तर्फवाट लामोडहर टोल विकास संस्थाका अध्यक्ष दुर्गा वहादुर गुरुङ लगायत वोलेको कार्यक्रममा महिला तथा वाल कल्याण कुञ्जका उपाध्यक्ष विसालक्ष्मी सिग्देलले स्वागत र सचिव सुजिता सिग्देलले संचालन गरेका थिए।


## मौसमी फ्लु रोकथामका उपाय

- विरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
- खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
- पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं,
- सम्भव भएसम्म विरामी हुँदा घरमै बसौं,
- बेलाबेलामा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
- प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
- लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# गण्डकी कोटिहोम महायज्ञ उपयुक्त स्थानमा भएको छ, सफल पारौं: वडा अध्यक्ष दिवशमान प्रधानाङ्ग

पोखरापत्र संवाददाता
पोखरा, ६ बैशाख

पोखरा महानगरपालिका वडा नं. १७ बिरौटामा सञ्चालन भइरहेको ऐतिहासिक श्री गण्डकी कोटिहोम महायज्ञ २०८२ को पूर्वसन्ध्यामा आयोजित श्रीमद्भागवत कथा प्रवचनको कार्यक्रममा अहिले स्थानीय भक्तजन लगायत उपस्थिती बड्दै गएको छ।

यसैविच शनिवार देवी प्रतिभाले कथा प्रवचन सुरु गरेको पहिलो दिन प्रमुख अतिथीको रुपमा पोखरा महानगरपलिका वाड नं. २ का वडा अध्यक्ष दिवशमान प्रधानाङ्गाको सहभागीता रहेको थियो । कार्यक्रममा सहभागी भएका वडा अध्यक्ष दिवशमान प्रधानाङ्गाले पोखराको कोटिहोम महायज्ञ उपयुक्त स्थानमा सञ्चालन भएको बताएका छन् । त्यस्तै



यस प्रकारको धार्मिक अनुष्ठानले पोखराबासीको पहिचानलाई थप बलियो बनाएको उनको भनाई रहेको थियो।

"ऐतिहासिक श्री गण्डकी कोटिहोम महायज्ञ २०८२ सुन्दर नगरी,जनसंख्या लगायतको हिसावले उपयुक्त रहेको स्थानमा सञ्चालन भएको छ। यो सफल बनाउन हामी सबै नेपालीको कर्तव्य हो, अझ पोखराबासी तपाई हामी सबैको त महत्वपूर्ण जिम्मेबारी हो ।" अध्यक्ष दिवशमान प्रधानाङ्गाले थपे- "पोखरा आफै पर्यटकीय नगरी हो,यसलाई विश्वव्यापी बनाउन र पर्यटन बर्ष सफल पार्नको लागि अत्यन्तै महत्वपूर्ण भूमीका खेल्ने छ।" शनिवार देवी प्रतिभा जी, आचार्य शितल कृष्ण महाराज लगायतले कथा प्रवचन गरेका थिए।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# एक लाख बढी पर्यटकले दर्शन गरे शालिग्राम सङ्ग्रहालय

**रासस**
बागलुङ, ६ बैशाख

बागलुङ नगरपालिका-४ कुँडुलेस्थित शालिग्राम सङ्ग्रहालयमा धार्मिक पर्यटकको आकर्षण बढेको छ । एकै ठाउँमा सङ्ग्रहित गरेर राखेको सवा लाख शालिग्राम अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् । विश्वमै दुर्लभ मानिने शालिग्राम शिलालाई १०० मिटर सुरुङभित्र संरक्षण गरेर राखिएको छ ।



पछिल्लो समय तीव्ररुपमा प्रचारप्रसार हुँदा पर्यटक बढेका हुन् । नेपालको विभिन्न स्थानसँगै दक्षिण भारतबाट बढी पर्यटक शालिग्राम सङ्ग्रहालयमा आउने गरेको सङ्ग्रहालयका संरक्षक ऋषि प्रपन्नचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा चालु वर्ष झण्डै ५० हजार बढी धार्मिक पर्यटक सङ्ग्रहालयमा आएका छन् । गत वर्ष एक लाख पर्यटक यहाँ आएकोमा चालु आवको १० महिनामा एक लाख ५० हजार पर्यटक सङ्ग्रहालयमा आएको ऋषि प्रपन्नचार्य बताउनुहुन्छ । शालिग्राम सङ्ग्रहालय चार वर्षदेखि सर्वसाधारणलाई खुला गरिएको थियो । पछिल्लो समय मुस्ताङको मुक्तिनाथ पुग्ने धार्मिक पर्यटक सङ्ग्रहालयमा आउने गरेको उहाँको भनाइ छ । ऋषि प्रपन्नचार्यले भन्नुभयो, "सङ्ग्रहालयको विस्तारै प्रचार हुँदैछ, विगतको तुलनामा अहिले यहाँ पर्यटकको आगमन ठूलो सङ्ख्यामा बढेको छ, अझै बढ्दै जाने हामीहरुले आकलन गरेका छौं, अहिले दक्षिण भारतबाट आउनेको सङ्ख्या अझ बढी छ, प्रचारप्रसार पनि हुँदै गएको छ, यहाँ घुम्न आएका सबै सङ्ग्रहालयमा पस्दैनन्, मन्दिर अवलोकन गरेर जाने गरेका छन् ।" त्रिशूल आकारमा सुरुङभित्र शालिग्राम सङ्ग्रहालयसहित त्रिवेणीधामदेखि दामोदरकुण्डसम्मको नक्सा, विभिन्न मठमन्दिरका आकृति बनाइएको छ । सङ्ग्रहालयमा ससाना शालिग्रामदेखि ३०० किलोसम्मको शालिग्राम छन् । सङ्ग्रहालयको प्रवेशद्वार बाघको मुखको आकृतिबाट बनाएपछि सङ्ग्रहालय अहिले बाघको मुखभित्र रहेको छ । गैंडाकोटबाट घुम्न आउनुभएका तुल्सीराम सापकोटाले यसरी एकै ठाउँमा सवा लाख शालिग्राम अन्य कुनै ठाउँमा अवलोकन गर्न नपाइने बताउनुभयो । पारिवारिक भ्रमणका क्रममा बागलुङ आएको सुनाउँदै सङ्ग्रहालय निकै आकर्षक रहेको उहाँको भनाइ छ । सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा शालिग्राम सङ्ग्रहालयको बारेमा धेरै फोटो भिडियो देखेको हुँदा घुम्न आएको सुनाउनुभयो । नवलपरासीबाट घुम्न आउनुभएकी मेनुका पौडेलले शालिग्रामको दर्शन गर्दा मनोकांक्षा पूरा हुने विश्वासले परिवारसहित दर्शन गर्न आएको सुनाउनुभयो । ढोरपाटन, बागलुङ कालिका घुम्दै शालिग्रामको दर्शन गर्न पाएको उहाँको भनाइ छ । पौडेलले धेरै पहिला सामान्य खालको शालिग्राम दर्शन गरे पनि एकै ठाउँमा यति धेरै नदेखेको सुनाउनुभयो ।

# मुस्ताङस्थित छोसेरको गुफा पर्यटकका रोजाइमा

**रासस**
मुस्ताङ, ६ बैशाख

जोमसोम-ऐतिहाँसिक, धार्मिक तथा सांस्कृतिक सम्पदाले मात्र होइन पृथक प्रकारको भूबनोट कारण उपल्लो मुस्ताङ पर्यटक आर्कषणका लागि निकै महत्वपूर्ण मानिन्छ । उपल्लो मुस्ताङमा सदियौँ वर्ष पुराना तिब्बती कलासंस्कृति, रहनसहन भेषभूषाका साथै त्यहाँको पृथक प्रकारको भूगोलले उपल्लो मुस्ताङ भ्रमण गर्ने जोकोही पर्यटकका लागि पनि मोहित नतुल्याउने कुरै भएन ।

उपल्लो मुस्ताङको हरियाली बिनाको ग्रीन लेस सुख्खा पठार भूगोलको बीचमा त्यहाँको राताम्मे कलात्मक पहाड निकै आर्कषण देखिन्छनन् । उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा यस्तै राताम्मे कलात्मक पहाड अवस्थित छन् । जहाँ सदियौँ वर्षपहिले यसप्रकारका कलात्मक पहाडलाई खोपेर तयार गरिएका दर्जनौँ मानव निर्मित गुफा छन् । यस्ता गुफामा त्यसबेलाका मानिसले घामपानी र शत्रुसँग सुरक्षित रहनका लागि ओतलाग्ने आश्रय बनाएर बसेको प्रष्ट झल्किन्छ । उपल्लो मुस्ताङमा अवस्थित दर्जनौँ यसप्रकारका मानव निर्मित गुफामध्येको मुख्य एक हो लोमान्थाङ-१ छोसेरमा अवस्थित सिजा झोङ गुफा । एक दशक अघि गुमनाम जस्तै रहेको छोसेरको मानव निर्मित सिजा झोङ गुफाको अहिले पर्यटकीय दृष्टिकोणले चर्चा निकै हुने गरेको छ ।

उपल्लो मुस्ताङको लोमान्थाङ बजारदेखि उत्तर करिव सात किमी र चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएको कोरलानाकादेखि दक्षिण/पश्चिम १४ किमी यता जोमसोम-कोरला सडकको नजिकै अवस्थित पर्छ । जोमसोम-कोरला सडकमार्ग अन्तर्गत छोसेरस्थित नेचुङ भन्सार कार्यालयबाट पश्चिमतर्फ मोडिएमा केहीबेरको यात्रा तय गरेपछि गुफा भएको स्थानमा पुग्न सकिन्छ । सडकमार्गबाटै प्रष्टसँग देखिने गुफा रहेको पहाडलाई रातो रङले लेपनलगाएको जस्तै देखिन्छ । पछिल्लो समय कोरलानाका अवलोकन गरी फर्किएका पर्यटक छोसेरको सिजा झोङ गुफा अवलोकन गर्न छुटाउँदैनन् ।

उपल्लो मुस्ताङ भ्रमणका लागि पुगेका विदेशी पर्यटकसमेतले गुफाको अवलोकन गरेर फर्किन गरेको पाइएको छ । समून्द्री सतहको तीन हजार ७९५ मिटरको उचाइमा चारैतीर हरियाली बिनाको नाङ्गो पहाडको भित्ता यो गुफा अवस्थित छ । झन्डै १५५ फिट अग्लो पाँच तले गुफाभित्र ४० वटा कोठा छन् । गुफाको ससर्ती अवलोकन गर्दै एक वास्तविक मूर्तीकारको उत्कृष्ट कृतिको रूपमा निर्माण गरिएको अनुभुत हुन्छ । गुफाभित्रका कोठा पुरै एकआपसमा जोडिएको छ । गुफाभित्रको उपल्लो तल्ला उक्लिन काठको सिँढी राखिएको छ । गुफाभित्र पस्दा सुरुङमार्ग जस्तै दखिन्छ । गुफाको कोठाभित्र पस्दा र माथिल्लो तला उक्लिन टाँउको झुकाउनुपर्छ । गुफाको माथिल्ला तलाको बाहिरी भागमा छिद्रछिद्र प्वाल देख्न सकिन्छ । गुफाभित्र प्रवेश गरिसकेर त्यहाँको छिद्र प्वालबाट टाउँको बाहिर निकालेर अवलोकन गर्दा छोसेर गाउँलगायत त्यस आसपासको प्राकृतिक भूगोल निकै मनमोहक देखिन्छ ।

विशाल पहाडलाई घरेलु हतियारले खोपेर सदियौँ वर्ष पहिले गुफा निर्माण गरिएको भएपनि गुफाको वास्तविक तथ्य अझै बाहिर आउन सकेको छैन । स्थानीयबासी र जानकारका यस मानवनिर्मित गुफालाई सत्रुसँग बच्नका लागि बनाइएको हो भन्ने भनाइ छ । छोसेरको सदियौँ वर्ष पुरानो मानव निर्मित गुफा निकै पुरानो प्राचिन गुफा हो । गुफाको भुइतलाबाट पाँच तला माथिसम्म चाहार्ने हो भने त्यहा अवलोकन गर्ने पर्यटकलाई करिव दुई घण्टाभन्दा बढी बेसी समय लाग्ने बताइएको छ । गुफाभित्र बत्ति बाल्ने ठाउँ र सामग्री भण्डारणलगायत विभिन्न कलासंस्कृति र ऐतिहासिक सामग्री अवलोकन गर्न सकिने छ । मानव सभ्यता झल्काउने गुफाभित्र त्यसबेला मानिस बसोबास गर्थ्ये भन्ने तथ्यलाई पुष्टि गर्दछ ।

लोमान्थाङ गाउँपालिकाको छोसेरमा अवस्थित प्राचिन मानव निर्मित गुफा प्रवेश गर्न पर्यटकको सहजताका लागि काठका भऱ्याङ राखिएका छन् ।

बेनी-जोमसोम-कोरला राजमार्ग निर्माणधिन सडक सहज बन्दै जान थालेपछि पछिल्लो समय गुफा अवलोकन गर्नेको सङ्ख्यासमेतमा वृद्धि भइरहेको छ ।

लोमान्थाङ-१ का वडाध्यक्ष पेमाआङ्गेल गुरुङले लोमान्थाङ गाउँपालिकाको लागि छोसेरमा अवस्थित महत्वपूर्ण पर्यटकीय गन्तब्यको रूपमा विकास भइरहको जानकारी दिए । निकै अनौठो र राताम्मे पहाडभित्र रहेको कोठैकोठा भएका यसप्रकारका गुफालाई संरक्षण, संम्वरद्धन, प्रवर्द्धन गर्नुपर्ने वडाध्यक्ष गुरुङले उल्लेख गर्नुभयो । ऐतिहाँसिक, धार्मिक र सांस्कृतिक महत्वको छोसेरको गुफा अवलोकनका लागि पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक उपस्थिती बढ्दै गइरहेको छ ।

# दमौलीमा मधुमेह र थाइराइड सित्तैमा जाँच

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख

लोकप्रिय स्वास्थ्य क्लिनिक दमौलीको आयोजनामा शनिबार दमौलीमा निःशुल्क स्वास्थ्य शिविर भएको छ । युनाइटेड रेफरेन्स ल्याबोरेटरी (युआरएल) को प्राविधिक सहयोगमा भएको शिविरमा ३ सय ४१ जनाको सित्तैमा मधुमेह र थाइराइड जाँच गरिएको छ ।



कार्यक्रममा प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले गुणस्तरीय ल्याबका सेवा र विशेष विशेषता प्राप्त चिकित्सको परामर्श सित्तैमा उपलब्ध गराउने कार्य प्रशंसनीय भएको बताए । मधुमेह, थाइराइड तथा हर्मन रोग विशेषज्ञ डा उमानाथ अधिकारीले मधुमेह आफैंमा रोग नभए पनि हेलचेक्राई गरे यसले ज्यानैसमेत जान सक्ने जोखिम हुने जनाए ।

मधुमेह, थाइराइड तथा हर्मन रोगमा डिएम गरेका डा अधिकारीले व्यायाम, खानपानमा उचित ध्यान र औषधोपचारमा ध्यान दिए मधुमेह लागिसकेपछि पनि स्वस्थ व्यक्तिसरह जीवनयापन गर्न सकिने उल्लेख गरे । उनले भने, 'मधुमेहबारे अनेक भ्रम छन् । भ्रमको पछि लाग्दा जीवन नै जोखिममा पर्न सक्छ । बेला बेलामा चेकजाँच गर्ने, औषधी खाने, खानपानमा ध्यान दिन सहज जीवन बाच्न सकिन्छ ।'

व्यास नगरपालिकाका मेयर बैकुन्ठ न्यौपानेले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने सरकारको दायित्वमा निजी क्षेत्रले सहकार्य गर्नु खुसीको कुरा भएको जनाए । युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्थले स्थापनादेखि नै व्यवसायसँगै सामाजिक उत्तरदायित्व र गुणस्तरीय सेवालाई सँगसँगै लगिएको जनाए । युआरएलले विभिन्न संघ, संस्थासँगको समन्वयमा आयोजना गरेको यो १ सय ९६ औं शिविर हो ।

युआरएलले नयाँ वर्षको उपलक्ष्यमा सबै सेवामा छुट दिएको छ भने न्युरोडमा रहेको मुख्य कार्यालयबाट थाइराइड सित्तैमा जाँच गरिरहेको छ । युआरएलका प्रबन्ध निर्देशक गणेशप्रसाद कोइरालाले प्रदेशकै पहिलो र अग्रणी रेफरेन्स ल्याब भएकाले सोही अनुरुपको दायित्व निर्वाह गर्दै अघि बढेको जनाए । कार्यक्रममा काठमाडौं ट्रमा सेन्टरका हाड जोर्नी रोग विशेषज्ञ डा अर्जुन पन्त र लोकप्रिय स्वास्थ्य क्लिनिकका सञ्चालक राजु दाहालले पनि बोलेका थिए ।

# पोखरामा दन्त स्वास्थ्य शिक्षा तथा शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख

सामुदायीक सेवा केन्द्र एवं सामुदायीक प्रहरी सेवा बैदाम र लियो क्लब अफ पोखरा संगमको आयोजनामा पोखरामा दन्त स्वास्थ्य शिक्षा तथा शिविर भएको छ ।



पोखरा ६ लेकसाइडका सामुदायीक प्रहरी सेवा बैदामको कार्यालयमा भएको शिविरमा करिब १ सय २५ जनाले स्वास्थ्य सेवा लिएका छन् । पैरवी हेल्थ एण्ड डेन्टल केयर सेन्टरको प्राविधिकि तथा पोखरा महानगरपालिका वडा नम्बर ६ को सहकार्य रहेको थियो । मुख, गिजा तथा दन्त स्वास्थ्य शिक्षा दिने उद्देश्यले आयोजना भएको कार्यक्रममा कसरी मुख, गिजा तथा दातलाई स्वास्थ्य राख्न सकिन्छ भन्ने बारेमा प्रशिक्षण दिएको थियो । सेन्टरकी प्रशिक्षक दशमी गुरुङले स्वस्थ रहन मुख, गिजा र दाँत सफा राख्नु पर्ने बताइन् । उनले मुख स्वास्थ्य भनेको दाँत मात्र नभई गिजा, जिब्रो, भित्रको गालासमेत रहेको बताइन् । दाँत मात्र माँझेर मुख सफा वा स्वस्थ नहुने उनको भनाई छ । दाँतका साथसाथै जिब्रो, गिजालाई पनि सफा र स्वस्थ राख्नु पर्ने उनको भनाई छ । शिविरमा सबै भन्दा बढि दाँतमा किरा लागेका विरामीहरु आएको सामुदायीक सेवा केन्द्र एवं सामुदायीक प्रहरी सेवा बैदामका अध्यक्ष ठाकुर बरालले बताए । उनले किरा लागेर दाँत टुक्राटुक्रा भएर झर्ने, गिजासम्बन्धी समस्या भएर दाँत झर्ने तथा सुन्निने समस्या भएका विरामी धेरै आएको बताए ।

शिविरमा स्वदेशी तथा विदेशी नागरीकले स्वस्थ्य सेवा लिएका थिए । नेपालमा दाँतको समस्या भएका विरामी धेरै हुने भएकाले आफुहरुले शिविर राखेको लियो क्लब अफ संगमका अध्यक्ष सगुन पौडेलले बताए । शिविरको उद्घाटन कार्यक्रममा लायन्सका पुर्व गर्भनर दिपक श्रेष्ठ, पोखरा महानगरपालिका वडा नम्बर ६ का सदस्य दिपेन्द्र पहारी, सामुदायीक प्रहरी सेवा बैदामका संस्थापक अध्यक्ष मंगल नेपाली, पुर्व अध्यक्ष पम्फा पहारी, लियो क्लब अफ संगमका सचिब आरम्भ पहारी लगाएतले लायन्स, सामुदायीक प्रहरी र मुख, गिजा र दाँतको सफाइका बारेमा चर्चा गरेका थिए । उनीहरुले दिनको दुई पटक दाँत माझ्ने, जहिले पनि मञ्जन प्रयोग गर्ने लगाएतका कुरामा ध्यान दिनु पर्ने बताएका थिए ।

शिविरमा डाक्टर विनिता ढुङ्गाना, आरडिएच सुनिल घले, अन्जली गुरुङ, रेजिया लगाएतले शिविरमा सेवा प्रदान गरेका थिए ।

# कस्केली अधिकृत समाजको शुभकामना आदानप्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख

कस्केली अधिकृत समाज, कास्कीले नयाँ वर्ष २०८२ का अवसरमा शुभकामना आदानप्रदान एवम् भित्तेपात्रो लोकार्पण गरेको छ ।



कर्मचारी मिलन केन्द्र कास्कीका अध्यक्ष एवम् समाजका आजीवन सदस्य लोकनाथ आचार्य, समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदी, सल्लाहकारहरू लगायतले भित्तेपात्रोको संयुक्त रुपमा लोकार्पण गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि कर्मचारी मिलन केन्द्र कास्कीका अध्यक्ष लोकनाथ आचार्यले जीवनलाई सुखी र खुसी अनुभूति गराउन सक्नुपर्ने र उर्जाशिल बन्नुपर्नेमा जोड दिनुभयो । शरिरलाई कृयाशिल बनाउन सक्नुपर्ने बताउँदै उहाँले नयाँ वर्षले सबैमा उत्साह ल्याउने विश्वास व्यक्त गर्नुभयो ।

कस्केली अधिकृत समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीले पछिल्ला समयमा नकारात्मक सोचले समाजमा बढावा पाउने गरेको बताउँदै सकारात्मक सोचको विकास अहिलेको आवश्यकता भएको बताउनुभयो । समाजले विभिन्न रचनात्मक गतिविधिलाई सञ्चालन गरिरहेको उहाँले बताउनुभयो । अध्यक्ष सुवेदीको सभापतित्व एवम् सचिव महेश पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा सल्लाहकारहरू दुर्गाबहादुर शाह(बाबा), भगवान पन्त, विश्वनाथ पराजुली, प्रेमप्रकाश गौतम, देबेन्द्र केसी लगायतले नयाँ वर्षले सबैमा सुख, शान्ति र समृद्धि ल्याउने विश्वास व्यक्त गर्नुभयो । यसैगरी कस्केली अधिकृत समाजले यही वैशाख १३ गते लम्जुङ जिल्लाका विभिन्न धार्मिक तथा ऐतिहासिक स्थलहरूको प्रवर्द्धनात्मक भ्रमण गर्ने भएको छ । समाजले प्रत्येक वर्ष पोखरा र आसपासका विभिन्न धार्मिक एवम् पर्यटकीय स्थलहरूको प्रवर्द्धनात्मक भ्रमण गरिरहेकोमा यस वर्ष लम्जुङ जिल्लाका विभिन्न धार्मिक एवम् ऐतिहासिक स्थललाई समेट्न खोजिएको सचिव महेश पौडेलले जानकारी दिनुभयो ।

यस वर्षको प्रवर्द्धनात्मक भ्रमणमा इशानेश्वर महादेव मन्दिर कर्पुटार, सुन्दर बजार, भोटे ओढार, गाउँशहर लम्जुङ दरबार, अपर मर्स्याङ्दी पावरहाउस डादी लगायतका स्थान समेट्न खोजिएको उहाँले बताउनुभयो । समाजकै आयोजनामा यस अघिका वर्षमा स्याङ्जा नुवाकोट, बाग्लुङ जिल्लाको पञ्चकोट, बाग्लुङ कालिका मन्दिर, पर्वत तथा स्याङ्जाका डहरे देउराली, अन्धाअन्धी , भालुपहाड लगायतका गन्तव्यको प्रवर्द्धनात्मक भ्रमण गरिसकिएको छ ।

# घाँसीकुवा संरक्षण गर्न 'विकास प्रतिष्ठान' गठन

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ बैशाख

बाल्यकालमा आदिकवि भानुभक्त आचार्य भोर्लेटारस्थित मामाकोघर जाँदा घाँसीकुवाले बनाएको व्यास नगरपालिका-७ सत्रसयमा पर्ने घाँसीकुवा संरक्षणका लागि आज 'भानु-घाँसीकुवा क्षेत्र विकास प्रतिष्ठान' गठन गरिएको छ ।

व्यास-७ का वडाध्यक्ष कृष्णप्रसाद न्यौपानेको प्रमुख आतिथ्यतामा गठित समितिको अध्यक्षमा रत्नमाया थापामगर रहनुभएको छ । प्रतिष्ठानको उपाध्यक्षमा टीकाराम श्रेष्ठ, सचिवमा टेकबहादुर सुनार, सहसचिवमा पूर्ण विके, सदस्यहरूमा सन्तबहादुर रानामगर, धनमाया श्रेष्ठ, कोपिला थापा र मीना परियार रहेनुभएको छ ।

अ ा े भ ु े ल म ा परेको घाँसीकुवाको संरक्षण गर्दै आन्तरिक पर्यटन प्रवर्द्धन गर्नका लागि विभिन्न निकायसँग हातेमालो गर्दै अघि बढ्न आफूहरूले घाँसीकुवा क्षेत्र विकास प्रतिष्ठान गठन गरेको नवनिर्वाचित अध्यक्ष थापामगरले बताउनुभयो । लमजुङको मध्यनेपाल नगरपालिकाले भानुभक्त संवाद चौतारी भनेर प्रचारप्रसार गरेपनि संस्था नहुँदा उक्त घाँसीकुवाको विकासमा आफूहरू अग्रसर हुन नसकेको उहाँको भनाइ छ ।

भानुभक्त र घाँसीकुवाको कथालाई प्रेरणाको रूपमा सबैतिर लिने चलन रहेको व्यास-७ का वडाध्यक्ष न्यौपानेले बताउनुभयो । भानुभक्त मामाघरमा जाँदा व्यास-७ साँखुलीका खड्गबहादुर मगरले सत्रसयमा खनेको घाँसीकुवाको प्रचारप्रसारका लागि स्थानीयको अभियानमा आफूहरूको साथ रहने उहाँले उल्लेख गर्नुभयो ।